
कोभिड-१९ सम्वन्धी रुकुम पूर्व जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

मिति २०७७/ कार्तिक २७ आईतवार
वर्ष १ अंक २












# कोभिड-१९ सँग सम्वन्धित जिल्लास्तरीय बहु-निकाय बैठकका निर्णयहरु

मिति २०७७/०४/२२ गतेको निर्णहयहरु

१. कोभिड-१९ को रोकथाम नियन्त्रण तथा प्रतिकार्य सम्वन्धमा रुकुम पूर्व जिल्लामा भएका समग्र कार्यक्रमहरुको समीक्षा गर्दा जिल्लामा कोभिड-१९ को संक्रमण नियन्त्रणमै रहेकोले सन्तोक्षजनक रहेको महशुस गरियो । यसमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने तीनवटै गाउँपालिका, स्वास्थ्य कार्यालय तथा सम्वन्धित सबैलाई हार्दिक धन्यवाद दिंदै आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपक्षा गरियो ।

२. हाल रुकुम पूर्व अस्पतालको हाताभित्र सञ्चालनमा रहेको आईसोलेसन सेन्टरको आषाद मसान्तसम्म भएको खर्चको विवरण संलग्न गरी सोधभर्नाका लागि रुकुम पूर्व अस्पतालमार्फत प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय समक्ष अनुरोध गरी पठाउने । सो बमोजिमको वजेट सामाजिक विकास मन्त्रालय बाट प्राप्त नभएमा तीनवटै गाउँपालिकाले दामासाहीको रुपमा खर्च व्यहोर्ने र श्रावन महिना पश्चात आईसोलेसन सेन्टरको खर्च (व्यवस्थापन तथा सञ्चालन खर्च) को आवश्यक व्यवस्थाका लागि लागत अनुमान तयार गरी रुकुम पूर्व अस्पताल मार्फत सामाजिक विकास मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३. पछिल्लो समयमा कोरोना भाईरस(Covid-19) को संक्रमण बढदै गईरहेको र भविष्यमा यस जिल्लामा समेत त्यस्तो संक्रमण बढ्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै जिल्लामा रहेको आईसोलेसन सेन्टरलाई कोभिड-१९ जोखिम अवधिभर व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक जनशक्तिको परिचालन तथा व्यवस्थापन रुकुम पूर्व अस्पतालले गर्ने गरी तपशिस बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी तोकेन निर्णय गरियो ।

तपसिल

क) स्वास्थ्यकर्मीहरुको व्यवस्थापन
- अ) सुपरीवेक्षणः डा.वद्री बैदवार
- आ) मे.अ. डा पूर्ण ब. पुन र डा. कृष्ण घर्ति
- इ) स्वास्थ्य परिचारिकाः अस्पतालले खटाए बमोजिम
- ई) ल्याव टेक्निसियन/असिस्टेन्टः जीवन सुनार
- उ) फर्मासिष्टः रुकुम पूर्व अस्पतालले खटाए बमोजिम

ख) फोहरमैला व्यवस्थापन
- अ) सफाई सुपरिवेक्षकः नायव सुब्बा प्रेम प्रसाद उपाध्याय
- आ) सफाई कर्मचारीः रुकुम पूर्व अस्पतालले खटाए बमोजिम ।

ग) बासस्थान तथा वन्दोवस्तीको व्यवस्थापन
- अ) रुकुम पूर्व अस्पतालका नायव सुब्बा श्री प्रेम प्रसाद उपाध्यायको प्रत्यक्ष निगरानीमा रहने गरी आईसोलेसनमा बस्ने व्यक्तिहरु, सुरक्षाकर्मीहरु र स्वास्थ्यकर्मीहरुको खानपिनको व्यवस्था वि.एल.वि. होटलले गर्दै आएकोमा सोही बमोजिम निरन्तरता दिने ।

निर्णय नं. ४

हालसम्म जिल्लाका २६ स्थानमा ५७१ क्षमताका क्वारेन्टईनहरु सञ्चालनमा रहेका छन । यसले नेपालभित्रैका अन्य जिल्ला, भारत तथा तेस्रो मुलुकबाट प्रवेश गर्ने व्यक्तिहरुलाई व्यवस्थापन गर्न सहज भई रुकुम पूर्व जिल्ला कोभिड-१९ संक्रमणलाई समुदायस्तरमा फैलन नदिन हरेक पालिकाले कम्तिमा ५०/५० वेड क्षमताका क्वारेन्टाईनहरु तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

हाल रुकुमिणी माध्यमिक विद्यालय, रुकुमकोटलाई नेपालका अन्य जिल्ला, भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई राख्ने होल्डिङ्ग सेन्टर, क्वारेन्टाईन सेन्टरको रुपमा उपयोग गरिदै आएकोमा कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणमा आईनसकेकोले सो विद्यालयलाई जोखिम अवधिभर उल्लेखित प्रयोजनका लागि उपयोग गर्ने गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ६

नेपालभित्रैका कोभिड-१९ संक्रमित क्षेत्रबाट यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुबाट समेत समुदायस्तरमा संक्रमण जोखिम बढ्ने भएकाले प्रवेश विन्दुबाटै पहिचान गरी सम्वन्धित पालिकाले आवश्यकतानुसार छुट्टै क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने साथै पछिल्लो समयमा कोभिड-१९ बाट बच्नका लागि पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्डहरुमा उदासिनता देखिएकाले कडाईका साथ स्वास्थ्य मापदण्डको पालना गर्न गराउन आवश्यक व्यवस्था गर्नु सबै  पालिका, सुरक्षा निकाय, तथा गैर सरकारी निकाय, संघसंस्था र सरोकारवाला सबैलाई अभिप्रेरित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

२०७७/०५/०३ का निर्णयहरु

निर्णय नं. १

कोभिड-१९ को रोकथाम नियन्त्रण तथा प्रतिकार्या सम्वन्धमा रुकुम पूर्व जिल्लामा भएका समग्र कार्यक्रमहरुको समीक्षा गर्दा जिल्लामा कोभिड-१९ को संक्रमण नियन्त्रणमै रहेकोले अवस्था सन्तोषजनक रहेको महशुस गरियो । यसमा प्रत्यक्ष सहयोग गर्ने तीनवटै गाउँपालिका तथा सम्वन्धित सबैलाई हार्दिक धन्यवाद दिंदै  आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपेक्षा गरियो ।

निर्णयन नं. २

यस जिल्लाको सिस्ने गाउँपालिका वट नं. ५ स्थित प्रदेश पाहुना घरलाई कर्मचारी होल्डिङ्ग सेन्टरको रुपमा उपयोग गर्ने र सिस्ने गाउँपालिकाको ६ नं. वडा कार्यालयलाई काबु बाहिरको परिस्थितिमा पनि सुरक्षा व्यवस्थापनको व्यवस्थित गर्न वैकल्पिक सुरक्षा युनिटको रुपमा राख्ने गरी उपयोग गर्ने । सोको आवश्यक समन्वय तथा व्यवस्थापनको लागि राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख अनुसन्धान अधिकृत प्रविण पनेरु, जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष यज्ञ बहादुर मल्ल र सिस्न गाउँपालिकाका कर्मचारी पूर्ण बुढालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. ३

कोभिड-१९ को संक्रमण जोखिम समुदायस्तरसम्म बढ्न नदिन पि.सी.आर. परीक्षणको दायरा बढाउनको लागि बढी भिडभाड हुने कार्यालय, बजार जस्ता अग्रपङतिमा खटिने व्यक्तिहरुको स्वास संकलन गरी परीक्षणका लागि पठाउन व्यवस्थापनको लागि स्वास्थ्य कार्यालयलाई जिम्मेवारी तोक्ने । साथै, जिल्लामा आवश्यक पर्ने देहायका बमोजिमका सामाग्री व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारका निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

जिल्लामा हालसम्म व्लड वैंकको व्यवस्था नभएको कारण विरामीहरुको ज्यान जोखिमम रहेकाले तत्काल व्लड बैंक स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन जिल्ला समन्वय समितिका प्रखुम र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाको संयुक्त संयोजनमा तत्काल पहलकदमी अगाडी बढाउने । व्लड बैंक स्थापना नहुन्जेलका लागि ब्लड ट्रान्सफर तथा क्रस म्याचिङ्गका लागि आवश्यक सामाग्रीको व्यवस्था गर्न नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाले आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

पछिल्लो समयमा देशभर कोभिड-१९ को संक्रमण जोखिम बढ्दै गईरहेको र यस जिल्लामा समेत जोखिम कायमै रहेकाले रुकुम पूर्व जिल्लाका सार्वजनिक निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु जिल्ला नछोड्ने र जिल्ला बाहिर रहेका कर्मचारीहरुलाई यथाशिघ्र कार्यालयमा हाजिर हुन जानकारी गराउने र सो पश्चात सबै कर्मचारीका लागि स्थापना गरिएको होल्डिङ् सेन्टरमा अनिवार्य रुपमा बसी पि.सि.आर. परीक्षण पश्चात मात्र कार्यालयमा फर्कने व्यवस्था मिलाउन सम्वन्धित कार्यालय प्रमुखलाई निर्देशन गर्ने ।

निर्णय नं. ६

सक्रिय संक्रमण रहेका जिल्लाबाट आउने सबै व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेन्टाईनमा राख्ने प्रतिवद्धता सहित सम्वन्धित स्थानीय तहबाट जिल्ला भित्रिन सिफारिश भई आएमा मात्र जिल्ला प्रवेश अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ७

पछिल्लो समयमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जारी स्वास्थ्य मापदण्ड प्रभावकारी रुपमाकार्यान्वियन भए नभएको अनुगमन गर्ने निर्णय गरियो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)

## २०७७/०५/१५ का निर्णयहरु

निर्णय नं. १

अघिल्लो वैठकमा गरिएको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

निर्णयन नं. २

हाल कोरोनाको सक्रिय संक्रमणको दर बढिरहेको र छिमेकी जिल्लाहरुमा समेत सोको दर बढिरहेको हुँदा यस जिल्लालाई पुनः एक हप्ता मिति २०७७/०५/१५ गते राति १२ बजेदेखि २०७७/०५/२२ गते राति १२ बजे सम्मको लागि जिल्लाको सबै नाकाहरु अत्यावश्यक सेवा, सवारी साधन र कामका लागि बाहेक आवतजावत वन्द गर्ने निर्णय गरियो ।

## २०७७/०५/२१ का निर्णयहरु

निर्णय नं. १

कोभिड-१९ प्रकोप अतिरिक्त जिल्लामा घटेका घटनाहरुको सूचना सबै क्षेत्रबाट संकलन गर्न, प्रवोधिकरण गर्न, एकद्धार प्रणालीबाट प्रतिवेदन गर्नको लागि तपशिल बमोजिमको JEOC(Joint Emergency Operation Center) गठन गरियो । साथै जनस्वास्थ्य कार्यालयले फोन र ईमेल jeocrukumeast@gmail.com मा अनिवार्य प्रत्येक दिन दिनको २ बजे र ४ बजे सूचना पठाउने निर्णय गरियो ।

JEOC (Joint Emergency Operation Centre)

| | | | |
|---|---|---|---|
| श्री अन्जु पोखरेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व | संयोजक |
| श्री........... प्रतिनिधी | | खडगदल गण रुकुम पूर्व | सदस्य |
| श्री.......... | प्रतिनिधी | जिल्ला प्रहरी कार्यालय रुकुम पूर्व | सदस्य |
| श्री.......... | प्रतिनिधी | सशस्त्र प्रहरी वल नेपाल आ.गु | सदस्य |
| श्री कुमार देवकोटा | व.अ.स. | अनुसन्धान जिल्ला कार्यालय रुकुम पूर्व | सदस्य |
| श्री रेशम कुमार रोका | सूचना समन्वयकर्ता | प्रदेश सूचना केन्द्र | सदस्य सचिव |

निर्णयन नं. २

अत्यावश्यक सेवा बाहेकका सवारी साधन र आवागमन बन्द गर्ने सम्वन्धी मिति २०७७ भाद्र १५ गतेको DCCMC ले गरेको निर्णय नं. २ लाई आगामी भाद्र ३१ गते राति १२ बजे सम्मका लागि निरन्तरता दिने साथै निर्माण सामाग्री ढुवानीका सवारी साधनलाई यात्रु बोक्न नपाउने गरी सवारी अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३

तीनवटै गाउँपालिकाका कार्यालयहरुमा Front Desk मा खटिएर काम गर्ने कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, उद्योगी, व्यवसायी, कोभिड-१९ संक्रमित जिलाबाट आएका व्यक्ति समेत समेटिने गरी आगामी २०७७/०५/२३ र २४ गतेका दिन PCR परीक्षणका लागि स्वाव संकलन गर्ने निर्णय गरियो । PCR परीक्षणका लागि स्वाव संकलन गर्नुपर्ने व्यक्तिहरुको कारण सहितको विवरण सम्वन्धित गाउँपालिकाले मिति २०७७/०५/२२ गते दिउँसो ३ बजेभित्र स्वास्थ्य कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो । स्वाव संकलन पश्चात स्वाव दिने व्यक्तिहरु नतिजा प्राप्त नहुँदासम्म अनिवार्य होम क्वारेन्टाईन अथवा क्वारेन्टाईनमा बस्नुपर्ने, होम क्वारेन्टाईनमा बसे नबसेको यकिन सम्वन्धित गाउँपालिका मार्फत वडा कार्यालयलाई जिम्मेवार बनाउने ।

## २०७७/०५/२३ का निर्णयहरु

निर्णय नं. १

अघिल्लो वैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णयन नं. २

रुकुम पूर्व जिल्लाको कोभिड-१९ का विवरण अद्यावधिक गर्न अनलाईन सफ्टवेयर प्रयोग गरी तथ्याङ्क अद्यावधिक गर्न स्वास्थ्य कार्यालय, रुकुम पूर्वका ल्याव टेक्नेसियन निरीक्षण अधिकृत छैठौं तहका निम प्रसाद गिरीलाई फोकल पर्सनको रुपमा तोकियो निजको विवरण सहित सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

## २०७७/०५/२७ का निर्णयहरु

निर्णय नं. १

कोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म पुगेको कुरालाई मध्यनजर गर्दै यस रुकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिका को वडा नं. ५ र ६ लाई मिति २०७७/०६/०५ सम्मका लागि शिल गर्ने । खाद्यजन्य पदार्थ र ईन्धनका पसलहरु दिउँसो १ बजे सम्म खोल्न दिने निर्णय गरियो । स्वास्थ्य सेवा भने २४ सैं घण्टा संचालनमा रहनेछन् ।

निर्णय नं. २

RT PCR परीक्षणका लागि मिति २०७७/०५/३० र ३१ गते स्वाव संकलन गर्ने, सो भन्दा अगावै कन्ट्र्याक्ट ट्रेसिङ्गको सम्पूर्ण काम सकाउने । सो को व्यवस्थापनको जिम्मा स्वास्थ्य कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. ३

जिल्लाभित्र संचालित यातायातका सवारी साधन (अत्यावश्यक बाहेकका) संचालनमा रोक लगाउने निर्णय गरियो ।

निर्णय नं. ४

मिति २०७७/०५/२१ को DCCMC को वैठकको निर्णय नं. २ (अत्यावश्यक सेवा बाहेकका सवारी साधन आवागमन वन्द गर्ने सम्वन्धी) बमोजिम मिति २०७७/०५/३१ गते राति १२ बजे सम्मको लागि आवागमन बन्द गरिएकोमा आजका मिति देखि नै लागु हुने गरी निर्माण सामाग्री ढुवानीका सवारी साधन समेत प्रवेशमा रोक लगाउने गरी (बाटोमा आउँदै गरेका बाहेक) मिति २०७७/०६/०५ सम्म निरन्तरता दिने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

२०७७/०६/०१ का निर्णयहरु

निर्णय नं. १

अघिल्लो वैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णयन नं. २

गृह मन्त्रालयको च.नं. ८५२ मिति २०७७/०५/३१ तथा च.नं. ८५५ मिति २०७७/०६/०१ को निर्देशनात्मक पत्र र कोभिड-१९ सम्वन्धी नेपाल सरकारको मिति २०७७/०५/२९ को निर्णयहरु पढिबाची गरियो । यस जिल्लास्थित सिस्ने गाउँपालिका वडा नं. ५ र ६ को शिल तथा जिल्ला नाका प्रवेश सम्वन्धी मिति २०७७/०५/२७ को निर्णयलाई यथावत रुपमा तोकिएको मितिसम्म कायम राख्दै नेपाल सरकारका निर्णयहरु कार्यान्वयनको लागि व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस रुकुम पूर्व जिल्लाको समुदायमा समेत संक्रमण देखिएको हुँदा २०७७/०५/३१ गते परीक्षणको दायरा बढाई ३४७ जनाको PCR Test गर्न पठाईएकोमा सो परीक्षणबाट पोजेटिभको संख्या सदा भन्दा बढी आउन सक्ने सम्भावना भएको तर अस्पतालको आईसोलेसन क्षमता २० वेडको मात्र भएको हुँदा तत्काल ५० वेडको आईसोलेसनका लागि आवश्यक सामग्रीहरु नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

२०७७/०६/०५ का निर्णयहरु

निर्णय नं. १

रुक्मिणी मा.वि. मा रहेको क्वारेन्टाईनलाई तत्कालका लागि कोट मा.वि. रुमालवारामा सार्ने । सो विद्यालयको वेड क्षमता भन्दा बढी व्यक्तिलाई छिप्रिदह स्थित त्रिभुवन जनता मा.वि. मा व्यवस्थापन गर्ने गरी विद्यालयलाई तयारी अवस्थामा राख्ने । रुक्मिणी मा.वि.मा ५० वेडको आईसोलेसन सेन्टर स्थापन गर्ने ।

निर्णय नं. २

होटल आईसोलेसन संचालनका लागि होटल व्यवसायी र उद्योग वाणिज्य संघका अध्यक्षसँग वैठक वसी आवश्यक निर्णय गर्ने ।

निर्णय नं. ३

जिल्ला नाका प्रवेश आवागमन सम्वन्धी मिति २०७७/०६/०१ को DCCMC कोद्य वैठकले गरेको निर्णयलाई निर्माण सामग्रीका सवारी साधनलाई यात्रु बोक्न नपाउने गरी प्रवेश अनुमति दिने गरी अर्को निर्णय नभए सम्मका लागि यथावत राख्ने । खाद्यजन्य र इन्धनका पसल विहान ६ वजेदेखी ९ वजेसम्म र वेलुका ४ बजेदेखि ६:३० बजे सम्म खुला गर्ने निर्णय गरियो । स्वास्थ्य सेवा भने २४ सैं घण्टा खुला रहनेछ ।

निर्णय नं. ४

कन्ट्र्याक्ट ट्रेसिङ्गमा परेका व्यक्तिहरुको मिति २०७७/०६/०९ र १० गते स्वास संकलन गर्ने । स्वाव संकलित व्यक्ति PCR को नतिजा नआउँदा सम्मका लागि अनिवार्य रुपमा क्वारेनटाईन वा होम क्वारेन्टाईनमा बस्नुपर्ने निर्णय गरियो । सो को निगरानी सम्वन्धित वडाध्यक्षले गर्ने ।

निर्णय नं. ५

स्थानीय तहको सिफारिसमा मात्र अत्यावश्यक सेवा बाहेकका व्यक्तिहरुलाई जिल्ला प्रवेश गर्न दिने ।

निर्णय नं. ६

भूमे गाउँपालिकाले एक हप्ता (११) गते सम्मका लागि अत्यावश्यक बाहेकका सेवा प्रवाह वन्द गरेको, स्थानीय बजार १ बजेदेखि ४ बजेसम्म मात्र खुलाउने निर्णय गरेकोमा कार्यान्वयनका लागि सहयोग गर्ने ।

निर्णय नं. ७

सिस्ने गाउँपालिका वडा नं. ५ र ६ मा निर्माण सामग्रीका सवारी साधन आवागमन खुला गर्ने ।

निर्णय नं. ८

होम/होटल आईसोलेसनमा बस्ने संक्रमित व्यक्तिहरुका लागि उक्त स्थानको उपयुक्तताको पहिचान गर्नका लागि डा. कृष्ण घर्ति (रुकुमकोट अस्पतालका नि.मे.सु.) ज्यूको संयोजक्तवमा स्वास्थ्य कार्यालयका ल्याव टेक्नेसियन निरीक्षक निम प्रसाद गिरी र सम्वन्धित गाउँपालिकाको स्वास्थ्य संयोजक सहितको ३ सदस्यीय टोली गठन गर्ने निर्णय गरियो ।

२०७७/०६/०९ का निर्णयहरु

निर्णय नं. १

यस जिल्लाको DCCMC सदस्यहरु श्री गौरव ढकाल र गणेश चौधरीलाई स्वागत गरियो ।

निर्णय नं. २

यस जिल्लाको रुक्मिणी मा.वि. मा हाल संचालित आईसोलेसनको वस्तुस्थितिको समिक्षा गरियो ।

| | |
|---|---|
| क्षमता ५० वैड | पुरुष-३३ |
| विरामी-३८ | आईसोलेसनमा भर्ना नभएका संक्रमित |
| लक्षणसहितको विरामी-० | पुथाउत्तरगंगा गा.पा.-३ |
| Co-Morbodities-2 | भूमे-५ |
| नावालक-३ | जिल्ला वाहिर-३ |
| बृद्ध(६० वर्ष माथि)-२ | सुरक्षामा खटिएका |
| नेपाली सेना-२ | |
| महिला-५ | |

गर्नपर्ने बाँकी काम

१. मैडिकल सामग्रीहरु व्यवस्थापन गर्नुपर्ने ।
२. अस्थायी चर्पी ४ वटा थप गर्नुपर्ने ।
३. हेण्ड माईकिङ्गको व्यवस्था गर्नुपर्ने ।
४. वाईफाईको व्यवस्था गर्नुपर्ने ।
५. संक्रमित विरामीलाई चिकित्सकको निगरानीमा/नजिक राख्नुपर्ने ।

निर्णय नं. ३

सबै स्थानीय तहहरुले अब उप्रान्त कोभिड-१९ संक्रमण [illegible] आफ्ना नागरिकहरुको लागि स्थानीय स्तरमा (पालिका स्तरमा) आईसोलेसन सेन्टरको स्थापना गर्ने ।

तपशिल

| | |
|---|---|
| २०७७/०६/१० गते | पुथाउत्तरगंगा गाउँपालिका |
| २०७७/०६/१० गते | भूमे गाउँपालिका |
| २०७७/०६/११ गते | सिस्ने गाउँपालिका |

निर्णय नं. ५

सो PCR परीक्षणबाट रिजल्ट आएका संक्रमितहरुलाई आ-आफ्नो पालिकाले नै आ-आफ्नो आईसोलेसनमा राख्ने व्यवस्था मिलाउने साथै कोभिड-१९ को लक्षण देखिएकाहरुलाई जिल्ला अस्पतालमा राखि उपचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय CCMC-OPS बुटवलको मिति २०७७/०६/०८ को निर्णय कार्यान्वयन गर्न भनी २० वटा निर्देशनहरु पढिवाँची गरियो । सोको कार्यान्वयन गर्ने गराउने र सार्वजनिक रुपमा सूचना गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

कोभिड-१९ नियन्त्रणको क्रममा अहोरात्र खटिनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

२०७७/०६/१४ का निर्णयहरु

निर्णय नं. १

रुक्मिणी विद्यालयमा स्थापित आईसोलेशन सेन्टरमा राखिएका संक्रमितहरुको खाना खर्चको भुक्तानीका लागि रुकुमकोट अस्पतालले सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. २

सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ मा लागु हुने गरी मिति २०७७/०६/०७ गतेदेखि २०७७/०६/१३ गतेसम्म जारी गरिएको निषेधाज्ञा हाललाई निरन्तरता नदिने निर्णय गरियो । साथै जिल्ला प्रवेश आवागमनलाई खुल्ला गर्ने र जिल्ला प्रवेश गर्ने नागरिकहरुलाई सम्वन्धित पालिकाले क्वारेन्टाईन वा होम क्वारेन्टाईनको व्यवस्था मिलाई राख्ने भनी गाउँपालिकाहरुमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

कोभिड-१९ नियन्त्रण गर्न, नेपाल सरकारको निर्देशन र निर्णय बमोजिम पालना भए नभएको विषयमा DCCMC को टिमले संयुक्त रुपमा स्थलगत अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. १

अघिल्लो वैठकहरुको निर्णय पूर्ण रुपमा कार्यान्वयन भएको ठहर गरियो ।

निर्णय नं. २

हाल सम्म १४ जना संक्रमित मध्ये पुथाउत्तरगंगा गाउँपालिकाको सभाहलको आईसोलेसनमा ७ जना र रुक्मिणी माध्यमिक विद्यालमा ७ जना छन । हाल सम्म ६० वटा आईसोलेसन छन । भूमे गाउँपालिकामा ५० वेडको र सिस्ने गाउँपालिकाकामा १२ वेडको क्वारेन्टाईन तथा आईसोलेसन निर्माणाधिन अवस्थामा रहेको साथै हाल सम्म जिल्लामा १७८४ स्वाव संकलन परीक्षण गरिएकोमा ८६ जना पोजेटिभ नतिजा आएकोमा से मध्ये १४ जना आईसोलेसनमा रहेको र ७१ जना आईसोलेसन बाट डिस्चार्ज भएको अवस्थाको समिक्षा गरियो ।

निर्णय नं. ३

कोभिड-१९ लाई नियन्त्रण गर्न यस जिल्लाको पुथाउत्तरगंगा गाउँपालिकामा २२ गते र २३ गते विहान भुमे गाउँपालिकामा र दिउँसो सिस्ने गाउँपालिकामा स्वाव संकलन गर्ने ।

निर्णय नं. ४

कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न रुक्मिणी मा.वि. को आईसोलेसन व्यवस्थापन संचालन र नियमन कार्यमा तपशिल बमोजिम भएको खर्चको अनुमोदन गरियो ।

तपशिल

| | |
|---|---|
| १. वेड, बेड सिट, Pillow, IV Stand | ७,७९,७००/- |
| २. ब्लाङ्केट सानो/ठुलो ४० वटा | ९८,८७५/- |
| ३. सेनेटरी प्याड | ७,६८४/- |
| ४. इलेक्ट्रिक जग | ५५,०००/- |
| ५. सेनिटाईजर मेसिन/ साउन्ड सिस्टम | २४,०००/- |
| ६. भाडावर्तनका सामानहरु | २३,२३०/- |
| ७. वाटर डिस्पेन्सर | ११,५००/- |
| जम्मा खर्च | ९,९९,९८९/- |

२०७७/०७/०३ गते का निर्णयहरु

<u>निर्णय नं. १</u>

अघिल्लो वैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

<u>निर्णय नं. २</u>

प्रस्तुत विषयमा गृह मन्त्रालय, को च. नं. १२११ मिति २०७७/०६/२९ गतेको पत्रबाट चाडपर्वको अवसरमा सावधानी अपनाउने (सबै शक्तिपिठ तथा मन्दिरहरुमा नित्य पुजा बाहेकका दर्शनका लागि मन्दिरहरु सर्वसाधारणका लागि निषेधाज्ञा जारी गर्ने) सम्वन्धी निर्देशनलाई नेपाल प्रहरी तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

<u>निर्णय नं. ३</u>

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १२३०, मिति २०७७/०६/३०, च.नं. १२३५, मिति २०७७/०६/३०, गतेको पत्रबाट प्राप्त निर्देशनलाई पढिवाची गरियो । उल्लेखित पत्रबाट प्राप्त निर्देशनलाई जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरी कार्यान्वयन गर्ने ।

<u>निर्णय नं. ४</u>

यस जिल्लामा आगामी दिनमा गरिने स्वाव संकलन तथा RT/PCR परीक्षणको लागि सम्पूर्ण व्यवस्थापनको जिम्मा स्वास्थ्य कार्यालयलाई दिने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

मिति २०७७/०४/०१ गते पश्चात यस DCCMC बाट सञ्चालित आईसोलेसन सेन्टर सञ्चालन तथा खाजा र खानाको लागि रु. दस लाख (१०,००,०००/-) बजेट उपलब्ध गराउन लुम्विनी प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरी पठाउने ।

<u>निर्णय नं. ६</u>

प्रदेश सरकार लुम्विनी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय मुकाम वुटवल नेपालको च.नं. ३३७, मिति २०७७/०६/२६ को प्राप्त पत्रबाट रु. एक लाख (१,००,०००) यस कार्यालयको खातामा आएको पत्र अनुसार सो रकम जिल्ला प्रहरी कार्यालय रुकुम पूर्व मार्फत खर्च गर्ने ।

<u>निर्णय नं. ७</u>

यस जिल्ला अन्तर्गत सञ्चालित कक्षा ११ को परीक्षा सबै विद्यालयहरुले सञ्चालन गरिरहेको भन्ने वुझिन आएकोले सम्वन्धित विद्यालयका प्र.अ. ले स्वास्थ्ययको मापदण्ड पूर्ण परिपालना गराउनको लागि जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई मार्फत लेखी पठाउने ।

२०७७/०७/१६ गतेको निर्णयहरु

निर्णय नं. १

सिस्ने गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको च.नं. ४९७, मिति २०७७/०७/१४ को पत्रबाट शव वाहन खरिदको लागि अनुमती माग भई आएकोमा हालसम्म जिल्लामा एउटा पनि शव वाहन नभएकोले नियमानुसार खरिद् प्रक्रिया पूरा गरी शव बाहन खरिद गर्ने अनुमतीका लागि सिफारिस गर्ने निर्णय गरियो ।

नेपाल प्रहरीको कोभिड-१९ नियन्त्रण तथा रोकथाम संम्वन्धी गतिविधी


- ✓ यस रुकुम पूर्व जिल्लामा प्रवेश गर्ने नाकाहरु खूपिचार, धपे, धर्मशाला, बाग्लुङ्ग सँगको सिमामा नेपाल प्रहरीद्वारा चेकजाँच गरिदैं आएको छ । त्यस्तै कोभिड-१९ सम्वन्धी सर्वसाधानरणका लागि जनचेतनामुलक सन्देशहरु गरिएको छ । यस जिल्लामा आउने ढुवानीका सवारी साधनका चालक सह चालकलाई कोभिड-१९ नियन्त्रणको मापदण्ड अनुसार सहजीकरणको व्यवस्था गर्दै आईरहेको छ ।
- ✓ सिल र निषेधाज्ञा जारी भए पछि अनिवार्य रुपमा घर बाहिर निस्किदा माक्स नलगाएको खण्डमा संक्रामक रोग नियन्त्रण ऐन, २०२० अनुसार रु १०० जरिवाना गरी उपरान्त माक्स लगाउने सहमतिमा छोडिएको छ ।
- ✓ हालसम्म ...... जनालाई माक्स नलगाईएको कारण रु १००का दरले जरिवाना गरिएको र ..... जनालाई सम्झाई वुझाई गरि पठाईएको छ ।

सशस्त्र प्रहरी बलको कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्वन्धी गतिविधी

- ✓ जिल्लाको सदरमुकाम लगायत विभिन्न ठाउँमा दैनिक कोभिड-१९ सम्वन्धी सर्वसाधारणका लागि जनचेतनामुलक सन्देशहरु प्रचार प्रसार गरिएको छ । त्यस्ता सन्देशहरुमा कोरोनाका लक्षण, बच्ने उपायहरु, सेल्फ क्वारेन्टाईनमा बस्दा पालना गर्नुपर्ने नियमहरु, जनचेतनामुलक सन्देशहरु लगायत नेपाल सरकार र जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको कोभिड-१९ नियन्त्रणका लागि गरिएका निर्णयहरु पनि माईकिङ्ग गरिएको छ ।

हालसम्म यस जिल्लामा भएको स्वाव संकलन सम्वन्धी विवरण

| क्र.स. | मिति | महिला | पुरुष | जम्मा | पोजेटिभ | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | |
| १. | २०७७/०४/०१ | ७२ | ९ | ८१ | २ | ५ | |
| २. | २०७७/०४/१४ | १८ | ७८ | ९६ | ० | ७ | |
| ३. | २०७७/०४/२५/२६ | १५ | ७३ | ८८ | ० | २ | |
| ३. | २०७७/०५/२३ | ५५ | १२९ | १८४ | १ | १२ | |
| ४. | २०७७/०५/३०/३१ | ९४ | २५२ | ३४६ | ५ | ३० | |
| ५. | २०७७/०६/१० | ३१४ | १२३ | ४३७ | ६ | ८ | |
| | | | | | | | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)


जिल्लामा रहेका कोभिड-१९ सम्वन्धी हेल्थडेस्कहरु
- जिल्ला अस्पताल
- भूमे गाउँपालिका
- पूथाउत्तरगंगा गाउँपालिका

जिल्लामा रहेका एम्बुलेन्सहरको विवरण

| क्र. स. | चालकको नाम थर | कार्यालय | फोन नं. |
|---|---|---|---|
| १ | राम बहादुर थापा | प्वार थापा | ९८५११८२०६३ |
| २ | नारायण श्रेष्ठ | जिल्ला अस्पताल | ९८२१५१५२१३ |
| ३ | राजन वोहरा | सिस्ने गाउँपालिका | ९८६२२७३२२७ |
| ४ | टेक बहादुर घर्ति | भूमे गाउँपालिका | ९८१८७७५५०८ |
| ५ | प्रेम बहादुर खत्री | पुथाउत्तरगंगा गाउँपालिका | ९८४७८४२४४८ |

जिल्लामा स्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण

| क्वारेन्टाईद्मा राखिकएका संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेनमा रहेको सख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|
| ९५८ | ९५८ | - | ८८ | ८८ | - | १९४० |
| | | | | | | |




कोरोना सचेतना ब्रोसर


**Self-Quarantine** सवयम् एकान्तवास बस्ने मा बस्दा पालना गर्नुपर्ने नियमहरु

1. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र त्यो पनि सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसँग कम्तिमा १ मिटरको दूरी कायम राख्नेछु ।
2. म छुट्टै बाथरुम ,र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरुम र शौचालय आफै सफा गर्नेछु ।
3. म आफू बस्ने कोठा आफै सफा गर्नेछु ।
4. म घरभित्र साझा रुपमा प्रयोग हुने ठाँउहरु जस्तै भान्सा, शौचालय, मेरो आवत जावतलाई सीमित गर्नेछु । यो साझा ठाउँहरुमा पर्याप्त भेन्टिलेसन भएको(वा झ्याल खुला रहेन) सुनिश्चित गर्नेछु ।
5. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरुमा जाँदिन र सार्वजनिक यातायातको प्रयो गर्दिन ।
6. म नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिचि २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्नेछु । म हात नधोई मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।
7. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौलिया र रुमाल, ओछ्यान वा अन्य सामानहरु घरका अन्य व्यक्तिहरुसँग साझा रुपमा प्रयोग गर्दिन । प्रयोग गरिसकेपछि यि सामानहरु म साबुन पानीले सफा गर्नेछ ।
8. म अन्य व्यक्तिहरुसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।
9. यदि अन्य व्यक्तिहरुसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दुरी राख्नेछु र म अर्को व्यक्तिसँग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।
10. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।
11. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रुमाल, मास्क र अन्य चीजहरु छुट्टै फोहोर फाल्ने ठाउँमा फाल्नेछु र फाले पछि तुरुन्तै कम्तिमा २० सेकेन्डका लागि आफ्ना हातहरु साबुन पानीले मिचिमिचि धुनेछु ।रुमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासँग धुनेछु । यसलाई घाममा सुकाएपछि मात्र प्रयोग गर्नेछु ।
12. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरुको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।
13. म क्वारेन्टाईनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाँच्नेछु र दिईएको फाराममा रेकर्ड राख्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिनसम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।
14. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाईनमा बस्दा अन्य केही समस्याहरु भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशन अनरुप गर्नेछु ।
15. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँगको पूर्व अनुमति विना क्वारेन्टाईन भन्दा बाहिर यात्रा गर्नेछैन ।

कोभिड-१९ नियन्त्रण तथा रोकथामाका लागि गरिएका कार्यहरुको निरन्तरता

यस जिल्लामा हालसम्म संख्यामा कोरोना संक्रमित रहेकोमा यसलाई अझै नियन्त्रण तथा रोकथामका लागि जिल्लामा प्रवेश गर्ने नाकाहरु खूपिचार, थवाङ्ग, धपे रुकुम पूर्व र वाग्लुङ्गको सीमाना लगायतका स्थानमा स्वास्थ्य चेकजाँच तथा आवागमनमा कडाई गरिएको छ । सवारी साधनहरुलाई पनि कडाई गरिएको छ ।

स्वास्थ्य चेकजाँच गर्दा लक्षण देखिएमा सम्वन्धित गाउँपालिकाद्धारा आईसोलेसनमा राख्ने व्यवस्था गरिएको छ ।





कोरोना हेल्थडेस्क उदघाटन कार्यक्रम




कोरोना हेल्थडेस्कमा सचेतना कार्यक्रम





Sensor Hand Sanitizer उद्घाटन कार्यक्रम





कोरोना सचेतना डिजिटल वोर्ड

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)




PCR परीक्षण



# कोभिड-१९ : सामाजिक लान्छनालाई कसरी सम्बोधन गर्ने

सही जानकारीले कोरोना भाइरस (कोभिड-१९) बारे लान्छना कम गर्न सकिन्छ ।

## शब्दहरुको प्रयोगले फरक पार्दछ ।

"कोभिड-१९ का कारण ज्यान गुमाएका व्यक्ति" ।

## सत्य तथ्य जानकारीको उजागर गर्न

विभिन्न सामुदायिक समूहको चित्रण सुनिश्चित गर्नुहोस् ।


## स्वास्थ्यकर्मीहरुप्रतिको लान्छना

(विश्व स्वास्थ्य संगठनले कोभिड-१९ बारे प्रकाशन गरेको सन्दर्भ सामाग्रीबाट नेपालीमा अनुवाद)


[illegible], रुकुम — युनाइटेड मिसन टु नेपाल रुकुम क्लस्टर — जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्व)


UMN

कोरोना सचेतना ब्रोसर



क्वारेन्टाईन अनुगमन तथा निरीक्षण




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

रुकुम पूर्व ।

कोभिड-19 संकट व्यवस्थापन केन्द्र रुकुम पूर्व

Covid-19 Crisis Management Center (DCCMC) Rukum East

Email.rukumeast76@gmail.com